# हाम्रो घर हाम्रो परिवार

लेखक : अनुराधा
चित्रकार : पल्पसा मानन्धर



ADARA GROUP
— BRIDGING WORLDS —
कोपिला किताब
हिमाली नवीन समाज
The Himalayan Innovative Society

# हाम्रो घर
# हाम्रो परिवार



लेखक : अनुराधा

चित्रकार : पल्पसा मानन्धर

# हाम्रो घर हाम्रो परिवार

(चित्रकथा)

*लेखक* : अनुराधा

*चित्रकार* : पल्पसा मानन्धर

*सम्पादक* : कोपिला किताब

भाषा सम्पादक : भूमीश्वर पौडेल

*संस्करण* : प्रथम, २०८०

*सर्वाधिकार* : आधार नेपाल, हिमालयन नवीन समाज र कोपिला किताब

*सल्लाहकार टोली* : प्रह्लाद ढकाल, सुभद्रा शाही, प्रज्ञा लम्साल, पासाङ शेर्पा, पेमा लामा, मेनुका राई, आनजुक लामा, यार्वा लामा र धनबहादुर लामा

Email: info@adaragroup.org

Phone:+977 1 4374577

ISBN : 978-9937-773-14-0

## हाम्रो भनाइ

यो पुस्तक आधार विकास नेपाल, हिमालयन नवीन समाज र कोपिला किताबको सहकार्यको एउटा नवीनतम उत्पादन हो। हामीले यस पुस्तकमा कथाहरूमार्फत बालअधिकार तथा बाल संरक्षणको विषय बुझाउने प्रयास गरेका छौं। आधार नेपालले हुम्लामा २५ वर्ष र हिमालयन नवीन समाजको २१ वर्षदेखिका अनुभव समेटेर सामाजिक कुरीति, लैङ्गिक समानतालगायत विषयलाई सरल ढङ्गले कथामार्फत जानकारी दिने प्रयास गरिएको छ।

खासगरी अभिभावकसँगै हुर्किन पाउने, अनावश्यक पारिवारिक बिछोड, राम्रो शिक्षा र भविष्यका नाममा संस्थागत हेरचाहमा बालबालिकाले पाएका दुःख-कष्ट र हुम्ला अनि कर्णालीका बालबालिकाले बेहोर्नुपरेका अन्य जल्दाबल्दा विषय यस पुस्तकमा समेटिएका छन्। दैनिक बोलीचालीको भाषामार्फत बालअधिकारको प्रवर्द्धन, बाल संरक्षण र बालबालिहरूको सुरक्षामा परिवारको योगदान आदि विषयमा सूचना तथा जानकारी प्रदान गर्नु नै यस पुस्तकको मुख्य उद्देश्य हो। यस प्रयासले बालबालिकको सिर्जनशील विकासमा नयाँ आयाम र उचाइ हासिल गर्ने हाम्रो विश्वास छ। यस पुस्तकमार्फत समाजका विभिन्न तह र तप्काका सदस्यले कर्णालीको समाजको दर्दनाक अवस्थाबारे राम्ररी बुझ्न र अनुभूति गर्न सक्नेछन्।

आदरणीय पाठकहरूलाई हामी यसमा समावेश सकारात्मक सिकाइका सन्देश ग्रहण गर्न आग्रह गर्दछौं। वयस्क पाठकहरूले समेत पुस्तकमा समावेश सन्देश ग्रहण गरिदिनुहुनेछ भन्ने आशा राखेका छौं। बालबालिकाको विषयवस्तुमा केन्द्रित यो प्रकाशन यहाँहरूसमक्ष ल्याउन पाउँदा हामी हर्षित छौं।

आशा छ, यस पुस्तक यहाँहरूलाई उपयोगी हुनेछ। पुस्तकका सन्दर्भमा केही सुझाव तथा प्रतिक्रिया भए हामीलाई थाहा दिन सक्नुहुन्छ। यस पुस्तकका विभिन्न चरणमा सल्लाह, सुझाव तथा संयोजनमा भूमिका खेल्ने आधार नेपाललगायत हिमालयन नवीन समाजका सम्पूर्ण टोलीलाई पनि धन्यवाद।

हिमालको काखमा एउटा सुन्दर र शान्त गाउँ छ ।
त्यो गाउँमा प्रेमा आफ्नी आमासँग बस्छिन् ।



एक दिन उनको स्कुलमा...
"गगन, के भयो ? आज तिमी उदास देखिन्छौ ?" प्रेमाले सोधिन् ।
"घरमा मलाई सहर पठाउने कुरा चलेको छ । बुबाका एक जना साथीले सहरमा लगेर राम्रो बोर्डिङमा भर्ना गर्दिन्छु भन्नुभएको छ रे । तर म जान चाहन्नँ," गगनले दुःखी हुँदै भने ।




“मेरो दाइलाई पनि पढ्दापढ्दै त्यस्तै भनेर एक जना चिनेकै मान्छेले सहरमा लैजानुभयो । अहिले चार वर्ष भइसक्यो, हामीले उहाँहरू दुबैलाई न देखेका छौं, न भेटेका छौं । हामीलाई उहाँबारे केही थाहा छैन । म दाइलाई धेरै सम्झन्छु,” प्रेमाकी अर्की साथी जयसराले भनिन् ।



घर फर्केपछि प्रेमाले आफ्नी आमालाई सबै कुरा सुनाइन् ।

सबै कुरा सुनेपछि आमाले भन्नुभयो, “हेर त त्यो स्याउको रूख । त्यो रूख तिम्रा बुबा र मैले गाउँका लागि केही सपना देखेर रोपेका थियौं ।”

“मेरा साथीहरूको कुरा र त्यो स्याउको रूखको के सम्बन्ध भयो र, आमा ?” प्रेमाले छक्क पर्दै सोधिन् ।



"हुन सक्छ, यो स्याउको रूखको कथा सुन्यौ भने तिमीले तिम्रा साथीहरूका समस्या हल गर्नेबारे पनि सोच्न सक्नेछ्यौ कि ?

तिमी सानै छँदा तिम्रा बुबा कामको सिलसिलामा काठमाडौँ जानुभयो । त्यहाँ उहाँले गाउँका धेरै छोराछोरीहरूले भोग्नुपरेका दुःख देख्नुभयो । गाउँ फर्कँदा उहाँ सधैँ त्यसैबारे कुरा गर्नुहुन्थ्यो र दुःखी हुनुहुन्थ्यो ।









उहाँ भन्नुहुन्थ्यो, "*हाम्री छोरीको भविष्य फरक हुनुपर्छ । त्यसको एउटा मात्र उपाय हो, शिक्षा । हामीले हाम्री छोरीलाई पढाउनुपर्छ । उसलाई हामीसँगै राखेर राम्रोसित हुर्काउनुपर्छ । हुर्किनु भनेको उमेर बढ्नु वा अग्लो हुनु मात्र होइन, शरीर र दिमाग दुवै तरिकाले स्वस्थ हुनु हो । खानाले शरीरलाई बलियो बनाउँछ भने शिक्षाले दिमागलाई तन्दुरूस्त बनाउँछ ।*"

“त्यसपछि तिम्रो र गाउँका तिमी जस्तै अन्य बालबालिकाको भविष्य राम्रो बनाउने कोसिस गर्ने वाचा गर्दै हामीले घरको आँगनमा त्यो स्याउको रूख रोप्यौँ ।








त्यो बेला हाम्रो यो गाउँ अहिले जस्तो थिएन । हाम्रो पालामा शिक्षा, स्वास्थ्य, बालविवाह, छौपडी जस्ता विषयमा खासै ध्यान दिइन्नथ्यो । यी कुराहरूबारे तिम्रा बुबाले सिकेर आउनुभएका असल अभ्यास पहिले म र हाम्रा केही साथीभाइहरूलाई सिकाउनुभयो । त्यसपछिका दिनमा हामी सबैले मिलेर गाउँलेहरूलाई बुझाउन लाग्यौं ।”






महिनावारी हुनु भनेको महिलाहरूको शरीरमा हुने सामान्य फेरबदल हो। यो बेला शरीरबाट रगत बग्ने हुनाले कमजोरी हुन सक्छ । त्यसैले उनीहरूलाई झन् बढी स्याहार र पोषणयुक्त खाना चाहिन्छ ।



शरीरलाई फाइदा हुने पोषणयुक्त खानेकुरा त घरमै पाइन्छ नि । आफ्नै बारीमा फलेको अन्न, सागपात, फलफूल र गेडागुडी जस्तो पोसिलो खाना अरू कहाँ पाइन्छ र ?



"गलत अभ्यासलाई रोक्न हामीले कहिलेकाहीँ सरकारको पनि सहयोग लियौँ ।
*बालविवाह गर्दा नकारात्मक शारीरिक र मानसिक असरपर्ने गर्दछन् ।*









*बिस्तारै नयाँ-नयाँ कुरा बुझ्दै गएका छौँ । छोराछोरीलाई त पढाउनु पो पर्दो रहेछ, गाउँका मानिसले बझ्न थाले ।*

गाउँका मानिसहरूको सोच बदल्न हामीलाई गाह्रो नभएको होइन । तर ढिलो भए पनि हामी सफल भयौँ," आमाले प्रेमालाई बुझाउनुभयो ।



"एक दिन तिम्रा बुबाले हामीलाई सधैँका लागि छाडेर जानुभयो । तर मैले उहाँको सपना पूरा गर्ने अठोट लिएँ । स्याउको रूखले सधैँ तिम्रा बुबाका कुरा सम्झाउँथ्यो र मलाई हौसला दिन्थ्यो । त्यसैले दुःख गरेर भए पनि मैले तिमीलाई स्कुल पठाउन छोडिनँ," आमाले आफ्ना कुरा सक्नुभयो ।



"तपाईंहरूले गर्दा आज म र मेरा साथीहरूले पढ्न पाएका रहेछौँ । हामी पनि हाम्रो समस्या आफैँ हल गर्ने कोसिस गर्नेछौँ," प्रेमाले भनिन् ।

"तिमीहरूले शिक्षकहरूको पनि सहयोग लिएर काम गर्‍यौ भने अझ सजिलो हुनेछ," आमाले भन्नुभयो ।


अर्को दिन प्रेमाले आमाले भनेका कथा सबैलाई सुनाइन् ।

"हो, यसबारे मैले पनि सुनेको थिएँ," केही साथीहरूले भने ।

"उहाँहरूले आफ्नो समयमा धेरै काम गर्नुभएको रहेछ । अब भने हाम्रो पालो," प्रेमाले भनिन् ।



"अहिले हाम्रो गाउँमा सबैभन्दा ठूलो समस्या भनेको आमाबुबाले आफ्ना छोराछोरीलाई सहर पठाउनु हो," जयसराले भनिन् ।




"हुन त परिवारले पनि आफ्ना छोराछोरीको भविष्यका लागि भनेरै पठाएका हुन् । तर केही बदमासहरूले राम्रो बोर्डिङमा हाल्दिन्छौँ भनेर झुटो वाचा गरेर गाउँका बालबालिकाहरूलाई उनीहरूको परिवारबाट छुटाएर लैजान्छन् । तर सहर पुऱ्याएपछि तिनलाई अनाथ भनेर अनाथालयमा वा बालगृहहरूमा राखिदिन्छन्, बालश्रममा लगाउँछन् । केहीलाई त सडकमा भीख माग्न पनि बाध्य बनाउँछन्," मिसले भन्नुभयो ।

लामो छलफलपछि प्रेमा, उनका साथी र केही शिक्षक मिलेर एउटा योजना बनाए। त्यसैअनुसार उनीहरूले घर-घर गएर विभिन्न कार्यक्रम गरी गाउँलेहरूलाई बुझाउन कोसिस गरे।



प्रेमा र उनका साथीहरूले एउटा नाटक पनि देखाए ।



"ओहो ! हामीले गगनलाई सहर पठाएको भए त ठूलै गल्ती गर्ने रहेछौं । बेलैमा कुरा बुझाएकोमा धेरै धन्यवाद," गगनकी आमाले भनिन् ।


"प्रेमाका बुबा बितेर गएपछि मलाई पनि त प्रेमालाई सहर लगेर ठूलो बोर्डिङमा भर्ना गर्दिन्छु भन्ने मान्छे आएका थिए । तर मैले छोरीलाई आफूसित गाउँमै राखेर पढाएँ," प्रेमाकी आमाले भनिन् ।

"ठीक काम गरेछौं । अब हामी पनि हाम्रा छोराहरूलाई छिट्टै घर फर्काउनेछौं," जयसराका बुबाले भने ।



प्रेमाले आफ्नो आँगनमा भएको स्याउको रूखको महत्व बुझिन् । उनलाई त्यो एउटा रूख मात्र नभएर आफ्ना आमाबुबाको सपना, गाउँलेहरूको फेरिएको सोच र गाउँका बालबालिकाको भविष्य पनि हो भन्ने कुरा बुझिन् । उनलाई त्यो रूखको झन् बढी माया लाग्यो ।





प्रेमा र उनका साथीहरूले आफ्ना आमाबुबाले सुरू गरेको कथालाई अघि बढाउने काम जारी राखे। समयसँगै गाउँमा स्याउको रूखहरू हुर्किँदै जाँदा गाउँलेहरूको सोच पनि फेरिँदै जानेछ भन्ने कुरा उनीहरूलाई थाहा छ। र एक दिन मीठो स्याउ जस्तै आफूले गरेको कामको






अभिभावकसँगै हुर्किन पाउने, अनावश्यक पारिवारिक बिछोड, राम्रो शिक्षा र भविष्यका नाममा संस्थागत हेरचाहमा बालबालिकाले पाएका दुःख-कष्ट र हुम्ला अनि कर्णालीका बालबालिकाले बेहोर्नुपरेका अन्य जल्दाबल्दा विषय यस पुस्तकमा समेटिएका छन् ।

कोपिला किताब
थापागाउँ, काठमाडौँ
Email: kopilakitab@gmail.com
Phone: 98511 42444, 98511 94433
www.kopilakitab.com

9 789937 773140
32500